म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ६२ २०८१ माघ ६ गते आइतबार 19 January 2025, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




## बागमतीका १० शीतभण्डार अलपत्र

# १ अर्ब ५ करोडको पूर्वाधार सञ्चालन अन्योल

समाज संवाददाता

हेटौँडा: किसानले उत्पादन गरेका मौसमी तरकारी र फलफूलले लागत मूल्यसमेत नपाएर खेर फाल्नुपर्ने अवस्थाको अन्त्यका लागि निर्माण गरिएको शीतभण्डार अलपत्र परेको छ। बागमती प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजी क्षेत्रको साझेदारीमा प्रदेशका विभिन्न जिल्लामा ६ वर्षदेखि निर्माण थालेको एक अर्ब ५ करोडका १२ शीतभण्डार बेवारिसे बनेका हुन्।

६ शीतभण्डार सम्पन्न भएर पनि प्रयोगविहीन छन् भने ४ वटा निर्माणको अन्तिम चरणमा रहेका छन्। २ वटा शीतभण्डार भने अझै निर्माण सुरु हुन सकेको छैन। किसानका उत्पादनलाई सुरक्षित राखेर बेमौसममा बेच्दा सजिलै बजार पाउने र राम्रो मूल्यसमेत आउने उद्देश्यले प्रदेशको पहिलो सरकारले आर्थिक वर्ष २०७५/०७६ को बजेट बक्तव्यमार्फत् 'एक जिल्ला, एक शीतभण्डार' अवधारणा ल्याएको थियो। उक्त अवधारणा अनुसार प्रदेश सरकारले दोलखा, काभ्रे, मकवानपुर, रसुवा, नुवाकोट, धादिङ, चितवन, सिन्धुली र रामेछापमा शीतभण्डार निर्माणको थालनी गरेको थियो। जसअनुसार नुवाकोटमा २, दोलखामा २ र अन्य जिल्लामा एक/एक वटा शीतभण्डार निर्माण सुरु गरिएको थियो।

दोलखाको एक र काभ्रेको शीतभण्डार जग्गाका कारण निर्माण सुरु हुन सकेन भने मकवानपुरको थाहा नगरपालिकाले निर्माणको काम जिम्मा लिएको थियो। अन्य जिल्लामा निर्माण भएका १० शीतभण्डार निर्माण भए पनि सञ्चालनमा आउन सकेको छैन।

### ६ वर्षमा पनि पूरा नभएको आयोजना

प्रदेशको साविक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालय)ले सहकारीहरुसँगको साझेदारीमा उक्त शीतभण्डार निर्माणको काम अघि बढाएको थियो। निर्माण थालेको ६ वर्षसम्म पनि शीतभण्डार निर्माणको काम सम्पन्न हुन सकेको छैन।

९ जिल्लाका १२ स्थानीय तहमा मन्त्रालयले सहकारीको साझेदारीमा उक्त शीतभण्डार निर्माण सुरु गरेको थियो। मन्त्रालयले साझेदार संस्थाहरुसँगको सहकार्यमा ३ चरणमा एक वर्षभित्र निर्माण सक्ने गरी प्याकेजमा ठेक्का आह्वान गरिएको थियो। पहिलो चरणमा ८ वटा शीतभण्डार निर्माणका लागि २०७६ असार २५ मा सम्झौता भएको थियो भने दोस्रो चरणमा २ वटा शीतभण्डारको लागि ३० असारमा र तेस्रो चरणमा थप २ वटा शीतभण्डार निर्माणको लागि १३ माघमा ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो।

पहिलो चरणमा सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको जिरी, नुवाकोट, रामेछापको मन्थली, सिन्धुलीको सुनकोशी, रसुवाको कालिकामा शीतभण्डार बनाउने काम थालिएको थियो। दोस्रो चरणमा चितवनको खैरहनी र धादिङको बेनीघाटमा शीतभण्डार निर्माण थालिएको थियो भने तेस्रो चरणमा नुवाकोटको विदुर र बेलकोटगढीमा शीतभण्डार निर्माण कार्य अघि बढाइएको थियो।

शीतभण्डार निर्माणका लागि तयारी गरिएको मकवानपुरको थाहामा स्थानीय तहले जिम्मा लिएको थियो। उक्त शीतभण्डार निर्माणको सम्पूर्ण काम थाहा नगरपालिकाले गर्नेगरी प्रदेश सरकारले अनुदान उपलब्ध गराएको थियो। दोलखाको भीमेश्वर र काभ्रेको बनेपामा भने जग्गा छनौटको काममा समस्या हुँदा रोकिएको थियो। पहिलो चरण र दोस्रो चरणमा प्रदेश सरकारले शीतभण्डार निर्माणका लागि इजी इन्फ्रा प्रालिसँग ठेक्का सम्झौता गरेको थियो भने तेस्रो चरणमा रसुवा कन्ट्रक्सनसँग सम्झौता गरेको थियो।

### यस्तो छ शीतभण्डारहरुको अवस्था



ठेक्का लागरे काम थालेको १० वटा शीतभण्डारमध्ये ५ सय मेट्रिक टन क्षमताको सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७, इन्द्रावती गाउँपालिका-७, दोलखाको जिरी नगरपालिका-५, रामेछापको मन्थली नगरपालिका-१ र सिन्धुलीको सुनकोशी गाउँपालिका-५ को पूर्वाधार निर्माणसहित सबै काम सम्पन्न भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ। एक वर्षभित्र सक्ने सम्झौता भए पनि कोरोनालगायत कारण दुई पटकसम्म म्याद थपेर निर्माण गरिएका हुन्। तैपनि साझेदार संस्थालाई हस्तान्तरण नहुँदा व्यावसायिक रुपमा प्रयोगमा आउन सकेका छैनन्।

मन्त्रालयका सचिव विनोदकुमार भट्टराईका अनुसार लिसंखुपाखरको काम २०८० जेठ ३२ मा, इन्द्रावतीको काम २०८० भदौ १० मा, जिरीको काम २०८० जेठ ८ मा र मन्थलीको काम २०८० साउन ११ मा सम्पन्न भएको थियो। ३ सय मेट्रिक टन क्षमताको रसुवाको कालिका गाउँपालिका-२ को शीतभण्डार निर्माणको काम २०७८ पागुनमा नै सम्पन्न भएको थियो। उक्त शीतभण्डारहरु निर्माण सम्पन्न भई परीक्षणसमेत भइसकेको सचिव भट्टराईले बताउनुभयो।

### १ अर्ब ५ करोड खर्च

प्रदेश सरकारले १० वटा शीतभण्डार निर्माणका लागि १ अर्ब १७ करोड ३० लाख ५१ हजार रुपैयाँ लागत अनुमान रहेकोमा ती शीतभण्डारहरु निर्माणका लागि १ अर्ब ४ करोड ९३ लाख ९६ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। जसअनुसार मन्त्रालयले पहिलो चरणमा शीतभण्डार निर्माणका लागि लिसंखुपाखरमा ५ करोड ३५ लाख १७ हजार रुपैयाँ, इन्द्रावतीमा ५ करोड ३५ लाख ४९ हजार रुपैयाँ, रामेछापको मन्थलीमा ५ करोड ३० लाख ९५ हजार रुपैयाँ, सिन्धुलीको सुनकोशीमा ५ करोड ३० लाख ८० हजार रुपैयाँ, दोलखाको जिरीमा ५ करोड ३७ लाख १६ हजार रुपैयाँ र रसुवाको कालिकामा ३ करोड ७० लाख ३५ हजार रुपैयाँ ठेक्का सम्झौता भएको थियो। उक्त शीतभण्डारहरु निर्माणका लागि प्रदेश सरकार र साझेदार संस्थाहरुबाट ३७ करोड ४९ लाख २१ हजार रुपैयाँ भुक्तानी भएको सचिव भट्टराईले बताउनुभयो।

मन्त्रालयले दोस्रो चरणमा चितवनको खैरहनी नगरपालिका-९ र धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ मा एक हजार ५ सय मेट्रिक टन क्षमताका शीतभण्डार बनाउन इजी इन्फ्रा प्रालिसँगै कुल २५ करोड ७८ लाख ८१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। ३० असार २०७६ मा भएको ठेक्का सम्झौताअनुसार १४ माघ २०७७ मा निर्माण सम्पन्न गर्नुपर्ने थियो। मन्त्रालयले २ शीतभण्डारका लागि इजी इन्फ्रालाई २२ करोड २५ लाख ९ हजार रुपैयाँ भुक्तानी गरिसकेको छ।

खैरहनीको शीतभण्डारका लागि साझेदार संस्था श्री साना किसान कृषि सहकारी चितवनले पनि निर्माण कम्पनीलाई २ करोड ५० लाख भुक्तानी दिएको छ। सो शीतभण्डारहरुको भौतिक प्रगति ९७ प्रतिशत रहेको छ। उक्त शीतभण्डारमा टिओडी मिटर जडान हुन सकेको छैन भने सो पश्चात शीतभण्डारको परीक्षण हुनेछ।

तेस्रो चरणअन्तर्गत नुवाकोटको विदुर नगरपालिका-५ र बेलकोटगढी नगर पालिका-१० मा पाँच-पाँच हजार मेट्रिकटन क्षमताका शीतभण्डार बनाउन १३ माघ २०७६ मा ठेक्का सम्झौता भएकोमा अहिलेसम्म ६० प्रतिशतमात्रै काम सकिएको छ। सरकार-निजी साझेदारीमा निर्माणका लागि प्रदेश कृषि मन्त्रालयले कुल ४० करोड २५ लाख ४९ हजार ७०५ रुपैयाँमा रसुवा कन्स्ट्रक्सनलाई शीतभण्डारको ठेक्का लगाएको थियो। २ शीतभण्डारका लागि ठेकेदारले मन्त्रालयबाट अहिलेसम्म २३ करोड ९९ लाख १८ हजार रुपैयाँ र साझेदार संस्थाहरु बोलकोटगढी शीतभण्डार प्रालि र हिमालयन शीतभण्डार प्रालिबाट १० करोड रुपैयाँ भुक्तानी भइसकेको छ।

### काम नै नगरी रकम भुक्तानी

प्रदेश सरकार र साझेदार निकाय/संस्थाहरुले बनिसकेका, बन्दै गरेका र निर्माण नै सुरु नभएका १२ शीतभण्डारका लागि अहिलेसम्म ७६ करोड ७२ लाख ४८ हजार रुपैयाँ निर्माण कम्पनीलाई भुक्तानी दिइसकेका छन्। शीतभण्डार निर्माण प्रदेश र स्थानीय तह/सहकारीको साझेदारीमा क्रमश: ७० र ३० प्रतिशतका दरले लागत व्यहोर्ने तथा प्रदेश र निजी क्षेत्रको साझेदारीमा ५०/५० प्रतिशत रकम व्यहोर्ने सम्झौता भएको थियो।

पहिलो चरणमा दोलखाको भीमेश्वर नगरपालिका-८ मा २ सय मेट्रिक टन क्षमताको शीतभण्डार बनाउने ठेक्का परे पनि जग्गा नै हाइटेन्सन लाइनको मापदण्डभित्र परेपछि निर्माण कार्य रोकिएको थियो। जबकि मन्त्रालय र साझेदार संस्थाले निर्माण कम्पनीलाई ३९ लाख ६२ हजार रुपैयाँ भुक्तानी गरिसकेको छ। यो शीतभण्डार ४ करोड ८६ लाख ८१ हजार ९४८ रुपैयाँमा निर्माण गर्ने सम्झौता भएको थियो।

त्यस्तै, काभ्रेको बनेपा नगरपालिका-७ मा साझेदार संस्था कृषि बजार मल्टिपर्पसले निर्माणस्थल नै उपलब्ध गराउन नसकेपछि ३ सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणको काम अघि बढ्न सकेको छैन। काभ्रेमा शीतभण्डार निर्माणका लागि तीन करोड ६४ लाख ५६ हजार ८३६ रुपैयाँको ठेक्का सम्झौता भएको थियो।

प्रदेश कृषि मन्त्रालयका अनुसार निर्माण भइसकेका र निर्माण कार्य चलिरहेका शीतभण्डारका साझेदारहरुले सम्झौताअनुसार १० करोड १२ लाख ४४ हजार रुपैयाँ भुक्तानी दिन बाँकी रहेको मन्त्रालयले जनाएको छ।

### सरकारको व्यवस्थापकीय कमजोरी छ: सचिव भट्टराई

सरकारले निर्माण थालेको शीतभण्डारहरु सञ्चालनमा ल्याउन कठिन रहेको मन्त्रालयका सचिव भट्टराई बताउनुहुन्छ। एकै प्रकृतिको काममा प्रदेश सरकारले फरक-फरक रणनीतिमा सञ्चालन गरेकाले व्यवस्थापकीयरुपमा निकै जटिलता देखिएको छ।

प्रदेश सरकारले एकै प्रकृतिको काममा साझेदार संस्थाहरुलाई नै फरक-फरक व्यवस्थापन गरेकाले निर्माण भएका शीतभण्डारहरु हस्तान्तरणमा समस्या भएको उहाँको भनाइ छ। सरकारले विगतमा मापदण्डअनुसार साझेदार संस्थाहरु छनौट गर्न नसक्दा लगानी व्यहोर्न समस्या भएको उहाँले बताउनुभयो।

'प्रदेश सरकारले केही साझेदार संस्थाको शत प्रतिशत लगानी मिनाहा गरेको छ भने केही साझेदाहरु लगानी गर्नै नसक्ने अवस्थामा रहेका छन्। केही स्थानीय तहले समान हिसाबले व्यवहार गर्नुपर्ने माग गर्दै आएका छन्। केही साझेदारहरु लगानी गर्न सक्दैनौं। हामी टाट पल्टियौं भनिरहेका छन्।' सचिव भट्टराईले भन्नुभयो- 'धादिङको शीतभण्डारको साझेदारलाई शत प्रतिशत छुट दिएर बनाइएको छ। त्यसलाई हस्तान्तरण नगर्नु भन्ने महालेखाको निर्देशन छ। सरकारको व्यवस्थापकीय कमजोरीका कारण अहिले समस्या भएको हो।'

हस्तान्तरण, अनुगमन तथा सञ्चालनको मोडालिटीबारे अन्योलता रहेको उहाँको भनाइ छ। विगतका नेतृत्वले कमजोरी गर्दा आम कृषक समस्यामा रहेका छन् भने सरकारको लगानी बेकार बनिरहेको उहाँले बताउनुभयो। उक्त विषयमा सरकारबाट ठोस निर्णय नभएसम्म निकास अउन नसक्ने उहाँले बताउनुभयो।

### 'सञ्चालन नहुँदा सरकारको लगानी बेकार बन्यो'

सरकारको व्यवस्थाकीय कमजोरीका कारण राज्यको लगानी बेकार बनिरहेको स्थानीय तहका प्रतिनिधिहरु बताउँछन्। कृषकहरुको सहजताको लागि निर्माण गरेको पूर्वाधार सञ्चालन नआउनु, अलपत्र बन्नु सरकारको कमजोरी भएको उनीहरुको भनाइ छ।

सिन्धुलीको सुनकोशी गाउँपालिकाका उपाध्यक्ष कपिलकुमार कोइरालाले शीतभण्डार हस्तान्तरणको काम गर्दासमेत प्राप्त गर्न नसकेको बताउनुभयो। स्थानीय तहसँग प्राविधिक जनशक्ति र सञ्चालन मोडालिटी नभएकाले सञ्चालनमा समस्या भएको उहाँले बताउनुभयो। विगत वर्षदेखि शीतभण्डारको पूर्वाधार बनेर बन्द अवस्थामा रहेको उहाँले बताउनुभयो।

'एक वर्षदेखि सरकारको लगानी उपयोगहीन अवस्थामा रहेको छ। हामीले माग गर्दासमेत हस्तान्तरण हुन सकेको छैन।' उपाध्यक्ष कोइरालाले भन्नुभयो- 'हामीसँग शीतभण्डार सञ्चालनको प्राविधिक पनि छैनन्। न सञ्चालनको मोडालिटी नै छ। प्रदेश सरकारले व्यवस्थापकीय पक्षमा प्रदेश ध्यान दिन नसक्दा कृषकहरु समस्यामा परेका छन्। कृषकहरु आफ्ना उब्जनी बाहिरी जिल्लामा लगेर राख्न बाध्य भइरहेका छन्।'

उहाँका अनुसार प्रदेश सरकारले केही समयभित्र पनि सञ्चालन नगरे स्थानीय तहले भूमिका खेल्नेछ। प्राविधिक जनशक्तिको व्यवस्थापन गरेर स्थानीय तहले सञ्चालनको अग्रसरता लिने उहाँको भनाइ छ।

# हेटौँडा-५ नम्बर वडा बालमैत्री घोषणा

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरपालिका-५ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ। शनिबार एक समारोहका बिच 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नारासहित बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो।

निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त वडा घोषणापत्रमा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले हस्ताक्षर गर्नुहुँदै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नुभएको हो। वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नुहुँदै नगरप्रमुख लामाले उपमहानगरले घोषणालाई अभियानको रुपमा लिएको बताउनुभयो। बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्दैमा बालश्रम र बालविवाह अन्त्य नहुने र केही हदसम्म न्यूनीकरण हुँदै जाने उहाँको भनाइ छ।

बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता गरेर ५१ वटा सूचक पूरा भएसँगै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको नगरप्रमुख लामाले जानकारी दिनुभयो। ४७ वटा सूचकमा शतप्रतिशत र ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्यूनतम प्रतिशत नतिजा हासिल गर्दै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको उहाँले बताउनुभयो।

वडामा २ हजार १६ बालक र १ हजार ७ सय ८२ बालिका गरी ३ हजार ७ सय ९८ बालबालिका रहेका छन्। २०७९ सालको घरधुरी सर्वेक्षणअनुसार २ हजार ८ सय ७५ घरधुरी छन्। वडाको १४ हजार १ सय २७ जनसंख्यामध्ये ७ हजार ९८ महिला र ७ हजार २९ पुरुष रहेको हेटौँडा-५ नम्बर वडाका वडाध्यक्ष सुशील घिमिरेले जानकारी दिनुभयो।

बाल विकास केन्द्रसहित सामुदायिक र संस्थागत गरी ९ वटा विद्यालय सञ्चालनमा रहेको उहाँले जानकारी दिनुभयो। वडाको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै वडाध्यक्ष घिमिरेले २०७९ साल मंसिर १५ गते सरोकारवालाको उपस्थितिमा अभिमुखीकरण तथा प्रतिबद्धता जाहेर गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियान अघि बढेको जानकारी दिनुभयो। उहाँले बालमैत्री स्थानीय शासन दिगोपनाका लागि वडाको अन्तिम प्रतिवेदन, स्थितिपत्र २०८१ र पञ्चवर्षीय रणनीतिक योजना तयार भइसकेको बताउनुभयो। पूर्णखोपयुक्त वडा घोषणा, पूर्वसाक्षर वडा घोषणा, खुला दिशामुक्त वडा घोषणा भइसकेको छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र कार्यान्वयन कार्यविधि, २०७९ को मार्गदर्शनअनुसार २०७९ साल भदौ २४ गते बसेको हेटौँडा उपमहानगर पालिकाको कार्यपालिका बैठकले वडा र पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्ने निर्णय गरेको थियो। कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, हेटौँडा उपमहानगरपालिकाका प्रवक्त सविन न्यौपाने, जनप्रतिनिधि, प्याब्सन बागमती प्रदेशका अध्यक्ष केशवलाल श्रेष्ठ, शिक्षक, विद्यार्थीलगायत विभिन्न संघसंस्थाको सहभागिता रहेको थियो।

## के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्

- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

**अध्यक्ष नवराज घिमिरे एवम्**

**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**

**हेटौंडा-४, मकवानपुर**

# सम्पादकीय

## राजस्व र खर्च दुबै कमजोर

मुलुकमा तीन तहको सरकार छ । एउटा संघीय सरकार, ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार छन् । यी सबै सरकारले आफैं बजेट बनाउँछन् र आफ्नै व्यवस्थापिकाबाट पारित गराउँछन् । एक वर्षका लागि बनाइने बजेटमा सरकारको आम्दानी र खर्चको अनुमान गरिएको हुन्छ । सरकारले कर तथा राजस्व, गैरकर, अनुदान, ऋणलगायत शीर्षकबाट आम्दानी गर्दछ भने चालु (साधारण), पुँजीगत (विकास) र वित्तीय व्यवस्थापन (ऋणको सावाँ ब्याज भुक्तानी) शीर्षकमा खर्च गर्दछ । सरकारले गर्ने कर तथा राजस्व नै सरकारको प्रमुख आम्दानीको स्रोत हो । तर, हाम्रो तीनै तहको सरकारले चालु खर्चसमेत आन्तरिक आम्दानीबाट धान्न सक्ने अवस्था छैन । बागमतीबाहेक अन्य प्रदेश सरकारको आन्तरिक आम्दानी न्यून भएकाले सबैजसो खर्चका लागि संघीय सरकारको भर पर्नुपर्ने अवस्था छ । अधिकांश स्थानीय सरकार पनि संघ र प्रदेशकै अनुदानमा भर पर्ने गरेका छन् ।

सरकारले अनुमान गरेअनुसार आम्दानी गर्न नसक्दा विनियोजित बजेट खर्च गर्न पक्कै सक्दैन । विगतमा सरकारले आम्दानी गरे पनि विनियोजन गरेको पुँजीगत खर्च गर्न नसक्ने अवस्था भए पनि अहिले आम्दानी नै गर्न नसक्ने अवस्था देखिएको छ । विकास निर्माणका कामका लागि विनियोजन भएको बजेट खर्च गर्न नसक्ने समस्या प्रदेश र संघीय सरकारमा बढी पाइन्छ । संघीयतापछि विकास निर्माणका कामले गति पाउला र देश समृद्ध बन्ला भन्ने आशा जगाएको भए पनि विनियोजित बजेट खर्च नहुँदा निराशा बढाएको थियो । अहिले त सरकारले खर्चमात्र होइन, आम्दानी पनि अनुमान गरेजति गर्न नसक्ने अवस्था देखिएको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनामा करिब २८ प्रतिशत राजस्व संकलन गरेको छ भने १६ प्रतिशतमात्र बजेट खर्च गरेको छ । चालु खर्च राजस्व आम्दानी प्रतिशतकै हाराहारीमा भए पनि प्रदेशको पुँजीगत खर्च १० प्रतिशतमात्र छ । एक वर्षभित्र खर्च गर्ने भनिएको बजेट ६ महिनासम्म १० प्रतिशतमात्र हुनुले बजेट खर्च झनै निराशाजनक देखिन्छ ।

सामान्यतया: ६ महिनामा सरकारले ५० प्रतिशत आम्दानी र खर्च गर्नुपर्ने हो । बजेटको लक्ष्य पूरा गर्नका लागि सुरुदेखि नै आम्दानी र खर्चबीच सन्तुलन आवश्यक हुन्छ । आर्थिक वर्षको अन्त्यमा विकास बजेट बढी खर्च हुने परिपाटीका कारण पहिलो ६ महिनामा बजेट खर्च केही कम हुने भए पनि १६ प्रतिशतमात्र खर्च हुनुले राम्रो संकेत गर्दैन । सरकारको राजस्वसमेत लक्ष्यको २८ प्रतिशतमात्र हुनुले बजेट कार्यान्वयनमा समस्या आउनेमात्र नभई सरकारले धेरै आयोजना र कार्यक्रम स्थगित गर्नुपर्ने निश्चित छ । चालु आर्थिक वर्षका लागि ६४ अर्ब ५४ करोडको बजेट ल्याएको बागमती प्रदेश सरकारले पुससम्म १७ अर्ब ८९ करोड रुपैया राजस्व संकलन गरेको छ । आम्दानीभन्दा पनि प्रदेश सरकारको बजेट खर्चको अवस्था निकै कमजोर छ । पुँजीगततर्फ ३७ अर्ब ९ करोड रुपैयाँ बजेट विनियोजन गरिएकोमा पुस मसान्तसम्म ३ अर्ब ८३ करोड रुपैयाँमात्र खर्च भएको छ । पुस मसान्तसम्मको खर्च जम्मा १० अर्ब ५० करोड रुपैयाँमात्र छ ।

कुल बजेटको ३५ प्रतिशतभन्दा बढी (करिब २३ अर्ब) पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च १२.५२ प्रतिशतमात्र छ । प्रदेशका मन्त्रालयहरुले न्यूनतम ११ र अधिकतम २४ प्रतिशतसम्म बजेट खर्च गरेका छन् । प्रदेश सरकारले चालु खर्च भन्दा पूर्वाधार तथा सामाजिक विकासलाई प्राथमिकतामा राखेर पुँजीगत खर्च बढी विनियोजन गरेको भए पनि बजेट खर्चको अवस्थाले आशा गर्ने ठाउँ देखिएको छैन । बजेट निर्माणअघि आयोजनाको लामो सूची बनाएर बजेट विनियोजन गराउन मरिहत्ते गर्ने विकासे मन्त्रालयहरु विनियोजित बजेट खर्च गर्न भने उदासिन बन्ने गरेका छन् । अधिकांश मन्त्रालय र मातहतका कार्यालयले प्रत्येक आर्थिक वर्षको अन्त्यमा ठूलो बजेट रकम फिर्ता गर्ने अवस्था अन्त्य गरेर खर्चको सुनिश्चितता गर्दै राजस्व आम्दानीको लक्ष्य हासिल गर्नेतर्फ सरकारले ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : प्राविधिक र सीपमूलक काममा सरिक भइने छ ।
**वृष** : जिम्मेवारीको अनुभूति हुने समय योग छ ।
**मिथुन** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
**कर्कट** : सल्लाह गरेर निर्णय गर्दा राम्रो रहने छ ।
**सिंह** : प्रतिस्पर्धाको कामले थप हौसला प्राप्त होला ।
**कन्या** : परिबन्ध र बाध्यात्मका काममा रुमलिनुपर्ला ।
**तुला** : दिगो फाइदाका लागि यात्रा योग होला
**वृश्चिक** : कामको चापले फुर्सद पाइने छैन ।
**धनु** : नयाँ समाचार र जानकारी प्राप्त हुने समष छ ।
**मकर** : जोखिम र सङकट्बाट बच्चा राम्रो होला ।
**कुम्भ** : आय–आम्दानी बढ्ने समय योग देखिन्छ ।
**मीन** : शारीरिक र बेचैनीको समय योग छ ।

# पिक्चर अभि बाँकी है मेरे दोस्त...



बिशभ अधिकारी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेलाई थुनामा राखेको ८४ दिनमा कास्की जिल्ला अदालतले घरौटीमा छाड्न आदेश दियो । मिशन ८४ मा बहुमत ल्याउने लक्ष्य लिएको राजनीतिक दलको अध्यक्ष सहकारी ठगी प्रकरणमा ८४ दिनमा छुटे । यो ८४ संयोग नै हो तर अध्याय सिद्दिएको छैन । कास्कीपछि अब काठमाडौं जिल्ला अदालतले पनि रविलाई ६० लाख घरौटीमा रिहा गरेको छ । यसै बीच काठमाडौं जिल्ला अदालत परिसरमै र विको विरुद्ध बहस गर्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी माथि हातपात भएको छ । यो आक्रमण रास्वपाका कार्यकर्ता र समर्थकहरुबाट भएको त्रिपाठीको भनाई रहेको छ ।

न्यायिक प्रक्रियामा यस किसिमको अराजक शैलीले लोकतन्त्रको हूर्मत लिने काम गरेको छ । बालकृष्ण खाँड, तोपबहादूरहरू पनि जेल गए । त्यहाँ भिड बोकेर कुनै राजनीतिक दल गएनन् । तसर्थ नीति, बिधि, पद्दतिको आदर्श फलाक्नेहरुले कानुनलाई आफ्नो काम गर्न दिनुपर्छ । न्याय सम्पादनलाई भिडले प्रभावित पार्न खोजियो भने त्यहाँ विधिको शासन रहँदैन त्यो अराजकतामा परिणत हुन्छ । रवि लामिछानेको मुद्दा अब पर्सा, चितवन लगायतका जिल्लामा यहि प्रकृतिका मुद्दाको फैसला हुन बाँकी छ । कास्की र काठमाडौं जिल्ला अदालतले बाहिर बसेर मुद्दा लड्न पाइने आदेश गर्‍यो । थुनामा पठाएन । कुरा यति हो । रास्वपा नेता, कार्यकर्ता रविले सफाई नै पाए जस्तो गरी उफ्रेको देख्दा उदेक लाग्यो ।

अहिले रविको काठमाडौं र कास्की जिल्ला अदालतबाट घरौटीमा रिहा भएपनि एकपटक कास्की अदालतको आदेश पढौं । रविको हरेक ईन्कारी बयानलाई अस्वीकार गरेको छ । रविको खातामा आएको पैसा, चेकको विषय सबैले रवि कसुरदार नरहेको मनासिव आधार देखिँदैन भन्छ त्यो आदेशले । कन्टेन्टमा त्यहि छ । अब बाँकी अदालतले यहि नजिर कायम गर्छ कि के गर्छ हेर्न बाँकी छ । त्यसैले रविको बारेमा अहिले धारणा नबनाई हालुम । किनभने पिक्चर अभि बाँकी है मेरो दोस्त ।

एउटा विषय चाहीँ स्पष्ट छ । यदि रवि छुटे वा निर्दोष सावित भए भने अब राजनीति विचारको होईन बदला र प्रतिशोधको हुन सक्छ । पाकिस्तानी मोडेलको राजनीति यात्रामा नेपाल क्रमश: प्रवेश गर्दैछ । जो सत्तामा हुन्छ उसले आफ्ना विरोधीलाई भष्ट्राचारको आरोपमा थुनामा पठाउने । भोलि रवि सत्तामा आए गिरिबन्धू ओम्नि यतिको सबै फाईल खुल्छ नै । अहिले नै एक अर्कोलाई दोषारोपण गर्ने क्रम चलेकै छ । सबै खाले गठबन्धनको असफलता पछि निर्माण भएको कांग्रेस एमालेको गठबन्धनको यात्रा पनि असफलताको बाटोमा छ ।

स्थायित्व र संविधान संशोधनको मुद्दा उठाएर गठन भएको वर्तमान सरकार संकटमा परिसकेको छ । यो सरकार पनि ढल्ने चर्चाले राजनीतिक वृत्त तरङ्गित छ । ७ बुँदे सम्झौताको जगमा खडा भएको कांग्रेस एमालेको सरकार प्रधानमन्त्रीले संविधान संशोधन ८७ सालमा गर्ने अभिव्यक्ति दिएपछि सरकारको जग हल्लिएको छ । सरकारको औचित्यमाथि कांग्रेसी कोणबाट प्रश्न उठाइएको छ । एकातिर संसद छलेर अध्यादेश ल्याउने अर्को तर्फ संविधान संशोधन ८७ मा गर्ने भनाईले आंशका उत्पन्न हुनु अस्वाभाविक होईन ।

नयाँ सरकार गठनपछि प्रधानमन्त्रीको पहिलो भ्रमण चीनको हुनु र बिआरआई सम्झौतामा नेपालको सहमतिपछि रुष्ट भारत यो गठबन्धन जसरी नै भत्काउने खेलमा छ । अझ केपि ओली प्रति त ठूलो असन्तोष देखिन्छ । कांग्रेसको भूमिका बिआरआईमा देखिएकै हो । भारतीय आशिर्वाद र उपनिर्वाचनले हौसिएको प्रचण्ड जसरी नै केपि ओलीलाई सरकारबाट बाहिर ल्याउन भरमग्दुर प्रयासमा हुनुहुन्छ । यस्तो अवस्थामा कांग्रेसको नेतृत्वमा बाँकी अवधि नयाँ सरकार बन्न सक्ने, नयाँ परिस्थिति निर्माण नहोला भन्न सकिन्न । तर जुन स्वरुपको सरकार निर्माण भएपनि त्यस्ले जनताको आंकाक्षा प्रतिबिम्बित गर्न सक्दैन । अब राजनीति एकले अर्कोलाई खुइल्याउने भन्दा अर्को देखिँदैन । नयाँ दलको नयाँ केहि छैन यि पनि सत्ता, शक्तिकै लोभी हुन् । यि अझ विवादित छन् भन्ने कुरा कांग्रेस एमालेले रविलाई सरकारमा ल्याएर अझ गृहमन्त्री बनाएर बिटुलो बनाई दिए ।

नयाँ दलप्रतिको आकर्षणलाई निस्तेज बनाउन अलिकति भएपनि सफल भए । मूलुकको आगामी राजनीति कसरी अघि बढ्छ अनुमान गर्न सहज छैन । ठूला दल सानालाई सिध्याउने खेलमा छ । यि देखिएका ठूला दलहरूले काम गर्न असमर्थ भए नयाँ शक्तिको आवश्यकता छ भन्ने तत्वबोध जनतालाई नभएको होईन तर कस्को नेतृत्व कस्ले गर्ने, राम्रा अघि सर्दैनन् नराम्रा हरेक दलमा छँदैछन् । कांग्रेसमा गगन आए नयाँ पूस्ताको उदय हुने यसले केहि भरोसा जगाएकै छ । कांग्रेस जति पनि भरोसा अन्य दलले प्रदर्शन गर्न सकेनन् । एमाले केपि ओलीसँगै सति जाने देखिन्छ । यो पार्टीमा केपि ओली नै सर्वेसर्वा देखिए त्यहाँभित्र न त आन्तरिक लोकतन्त्र, न असहमति र बिरोधको स्थान छ । तसर्थ यो पार्टीको आकर्षण खिइँदैछ । माओवादी पनि एमाले जस्तो नभएपनि प्रचण्डको विकल्प त्यहाँ पनि छैन । यस्तो पृष्ठभूमिमा नयाँ शक्ति वा ठूला पार्टी भित्रका नया अनुहार सहितको भिजनरी नेतृत्वको खोज आजको आवश्यकता हो । अबको चुनावी मतदातामा यूवापंक्ति निर्णायक छन् ।

ति ईतिहास हेरेर, जेल बसाई संघर्षपूर्ण जीवन आदि ईत्यादी हेरेर मतदान गर्दैन । तिन्नलाई डेलिभरी चाहिएको छ । तिनले सेवाप्रवाहमा प्रभावकारिता खोजिरहेका छन् । सुशासनयूक्त सरकार तिनका प्राथमिकता हुन् । यहि देशमा केहि गर्नुपर्छ भन्ने हुटहुटि बोकेका युवा पंक्ति पुराना थोत्रा कुरामा अब अडिदैनन् । तिनलाई आजको आशा र भोलिको सम्भावना जस्ले देखाउँछ ति त्यतै आकर्षित हुन्छन् । मूलुकको अवस्था अत्यन्तै तरल छ । संविधान माथि पनि प्रश्न उठेको छ । व्यवस्थाप्रति पनि वितृष्णा चूलिँदैछ । जनता आर्थिक अभावको चपेटामा छन् । देशमा रोजगार छैन । सुशासन छैन । हरेक राजनीतिक दल भष्टाचारको आहालमा डुबेका छन् । प्रचण्ड भष्ट्राचारको फाईल खोल्ने भएपछि मेरो नेतृत्वको सरकार हटाइएको भन्नुहुन्छ । तर क्यान्टोनमेन्टको भष्ट्राचार के हो, शेरादरबारको जग्गा बिबाद के हो..अनूत्तरित प्रश्न थुप्रै छन् ।

ठूला भनिएका सबै कुनै न कुनै प्रकारको भष्ट्राचारमा जोडिएका छन् । सरकारले भर्खर भूमि सम्बन्धी अध्यादेश ल्यायो । वनक्षेत्रमा र निकुञ्जमा पर्ने जग्गामा लामो समयदेखि बसोबास गरिरहेका भूमिहिन सुकुम्बासीलाई लालपूर्जा दिने उद्देश्यले यो कानुन ल्याएको देखिन्छ । यसले भोलिका दिनमा सार्वजनिक जग्गामा बसोबास गर्ने खोला किनारमा ओगटेर बस्ने आफ्ना कार्यकर्तालाई लालपूर्जा दिने बदनियत लुकेको त छैन । काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले यो अध्यादेशको चर्को विरोध गरेका छन् । आफू अनुकुल हुने, पार्टी फुटाउन सहयोग पुग्ने खालको विगतमा अध्यादेश ल्याएर दल विभाजन गरेकै हो । संसदमै छलफल गरेर कानुन बनाउने संसदीय अभ्यास विपरित अध्यादेशबाट ल्याइने कानुनको अभिष्ट माथि आशंका उत्पन्न हुनु अस्वाभाविक होइन । विकृति, विसंगति, भष्ट्राचार, कुशासनले नेपाली समाज थला परेको छ ।

जनताको मुक्ती र परिवर्तनको नाममा ३५ वर्षदेखि जनतामाथि नै शोषण जारी छ । बहुदलीय प्रजातन्त्र आएको पनि ३५ वर्ष भयो । परिवर्तनको नाममा एकातिर युवाहरू बिदेशिन बाध्य भएका छन् । अर्कोतर्फ सरकार छ भन्ने अनूभुति जनतालाई कहिल्यै भएन । अब यहि यथास्थितिमा मूलुक रहन सक्दैन । ठूला दलको विकल्प खोज्छन् नै जनताले शेरबहादुर केपि प्रचण्ड ८४ को चुनावबाट ग्रेस फुल्ली एकजिड हुनुपर्छ । हरेक दलको नयाँ पुस्ता आउन जरूरी छ । हजुरवुवा पुस्ताले आराम लिन जरूरी छ । होईन भने यो व्यवस्था फेर्ने आन्दोलन आवश्यक छ । सधैंभरि बुढाहरूले स्वेच्छाचारिता लादेर देशलाई तन्नम बनाउने यो गलत यात्रा अब रोकिन्छ, रोक्नुपर्छ नै ।

शासकीय स्वरुप परिवर्तन गर्नुपर्छ । सानो संसद बनाउने, सांसद मन्त्रि हुन नपाउने, संघीयता खारेज गर्ने, जनताबाट प्रधानमन्त्री चयन गर्ने, प्रशासनिक खर्च घटाउने, पुँजिगत खर्च गर्न सक्ने सामर्थ्य तयार पार्ने,यो परिवर्तनसहित अगाडि बढौं । होइन यि संशोधन साथ अघि नबढ्ने हो भने यहि चक्रमा रुमल्लिरहने हो भने देश बर्बादि बाटोमा जान्छ । व्यवस्था परिवर्तनको विकल्प बाहेक केहि रहँदैन । धर्म निरपेक्ष संघीय गणतन्त्र राज्य व्यवस्थाको अभ्यासले सकारात्मक परिणाम दिएन । भ्रष्टहरूले लुटिखाने व्यवस्था बनाए । तसर्थ मत परिवर्तन जरुरी छ । यि सब पृष्ठभूमिमा ठुला दलको अवस्था के रहला, उपनिर्वाचनमा यहि वरिपरि नै जनता छ भन्ने विश्लेषण गर्न सकिएला तर चूलिँदो जनआक्रोश हेर्दा ठूलो बिद्रोहको आधारभूमि तयार हुँदैछ भन्ने भान हुन्छ । नयाँ शक्ति पार्टीहरुको उदयले जनता त्यतातीर लाग्छन् कि..वा बालेन पार्टिकौ रुपमा सशक्त देखिन्छ ।

पिक्चर धुमिल छ । राजनीति तरल छ । जनता ईतिहासका निर्माता हुन् । कसैले आफूलाई शक्तिशाली नठाने हुन्छ । अंहकार र दम्भ निमेषभर सिद्दिन सक्छ । तसर्थ जनताको नयाँ मतलाई कुरौं । नयाँ जनादेश यो यथास्थितिमा पक्कै रहँदैन । देशले परिवर्तन खोजेको छ । तर कस्तो..? पिक्चर अभि बाँकी है मेरे दोस्त... । धैर्य गरौं । अस्तू..

# जीवन जिउने कला



सिएम रिमाल

जीवन जिउनु एउटा अनन्त यात्रा हो, जहाँ सुख-दु:ख, आशा-निराशा, सफलता-असफलता जस्ता अनेक पाटाहरूले हामीलाई परिपक्व बनाउँछ । हामी सबैले जीवनलाई आफूले चाहेजस्तो बनाउने सपना देख्छौं, तर वास्तविकतामा जीवन जिउनु भनेको चुनौतीहरूलाई सामना गर्दै सन्तुलनको खोजी गर्नु हो । जीवन जिउने कलामा कुनै निश्चित नियम त हुँदैन, तर केही दृष्टिकोण र व्यवहारले यसलाई अझ सहज, अर्थपूर्ण र आनन्ददायक बनाउन सक्छ ।

जीवन जिउने कलाको पहिलो खुड्किलो हो आफूलाई चिन्नु । तपाई को हुनुहुन्छ ? के गर्न मन पर्छ ? तपाईंका कमजोरी र बलियो पक्षहरु के हुन् ? यी प्रश्नहरुको उत्तरले जीवनमा स्पष्टता दिन्छ ।

आफूलाई चिन्नु भनेको केवल भित्री आत्मालाई बुझ्नु मात्र होइन, आफ्नो उद्देश्य र चाहनाहरुलाई प्रस्टसँग परिभाषित गर्नु पनि हो ।

जीवनका हरेक दिन नयाँ चुनौती ल्याउँछ । नकारात्मक सोचले हरेक समस्या जटिल बनाउँछ भने सकारात्मक दृष्टिकोणले चुनौतीलाई अवसरमा परिवर्तन गर्छ ।

जब तपाईंका विचार सकारात्मक हुन्छन्, तपाईंमा नयाँ ऊर्जा उत्पन्न हुन्छ, जसले तपाईंलाई निरन्तर अगाडि बन्न प्रेरित गर्छ ।

समय सबैभन्दा मूल्यवान स्रोत हो । हरेक दिन तपाईंले २४ घण्टा पाउनुहुन्छ, तर यसलाई उपयोग गर्ने तरिकाले तपाईंको जीवन सफल हुन्छ या होइन भन्ने निर्धारण गर्छ ।

समय व्यवस्थापनका लागि प्राथमिकता तय गर्नु जरुरी छ । तपाईंले के गर्न चाहनुहुन्छ र के गर्नुपर्ने हो भन्ने बीच स्पष्ट भिन्नता बुझ्नुपर्छ ।

जीवनलाई सन्तुलित बनाउन सक्नु भनेको कला हो । काम, परिवार, स्वास्थ्य, र मनोरञ्जनबीच सन्तुलन कायम राख्न सक्नुपर्छ ।

कुनै एक पक्षमा मात्र केन्द्रित हुँदा अन्य पक्ष कमजोर हुन्छन्, जसले दीर्घकालमा असन्तुलन ल्याउँछ ।

स्वास्थ्य जीवनको आधार हो । शारीरिक मात्र होइन, मानसिक स्वास्थ्यलाई पनि उत्तिकै ध्यान दिनुपर्छ ।

नियमित व्यायाम, स्वस्थ आहार, र पर्याप्त निन्द्राले तपाईंको ऊर्जा स्तरलाई उच्च राख्छ । तनाव व्यवस्थापनका लागि ध्यान रोगजस्ता विधिहरु प्रभावकारी हुन्छन् ।

सपना जीवनलाई ऊर्जा दिने साधन हुन् । तर, ती सपनाहरूलाई व्यवहारिक लक्ष्यमा परिणत नगरेसम्म तिनीहरूले दिशा दिन सक्दैनन् ।

आफ्नो लक्ष्यलाई साना-साना चरणमा विभाजित गर्नुहोस् । जब तपाईं साना लक्ष्यहरू पूरा गर्नुहुन्छ, तपाईंलाई ठुलो उपलब्धिका लागि उत्साह मिल्छ ।

जीवन जिउने कला भनेको कहिल्यै नथाक्ने सिकाइ प्रक्रिया हो । नयाँ कुरा जान्न र सिक्नका लागि सधैँ तत्पर रहनुहोस् ।

किताब पढ्ने, अनुभव बाँड्ने, र हरेक दिन केही नयाँ सिक्ने प्रयासले तपाईंलाई अझ बुद्धिमान बनाउँछ ।

जीवनमा खुसीको मुख्य स्रोत भनेकै सुमधुर सम्बन्ध हो । परिवार, साथीभाइ, र समाजसँगको सम्बन्धलाई मजबुत बनाउन समय र माया लगानी गर्नुहोस् ।

विवाद र वैमनस्यता टाढा राखेर सहानुभूति र समझदारीलाई प्राथमिकता दिनुहोस् ।

कृतज्ञता जीवनलाई सुन्दर बनाउने शक्तिशाली साधन हो । जुनसुकै अवस्थामा

...बाँकी पृष्ठ ३ मा

# विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ३ जिल्लामा विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन, रसुवा र सिन्धुली जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

चितवनको भरतपुर महानगर पालिका-६, शनिश्चरीमाईमा एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा चितवनको माडी नगरपालिका-८ का ४४ वर्षीय चित्रबहादुर विक रहेको प्रहरीले जानकारी दिएको छ।

शुक्रबार दिउँसो ३ बजेर ४५ मिनेटको समयमा शनिश्चरीमाईमा पानी खाने क्रममा विक एक्कासी बेहोस भएका थिए। विकलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा उपचारको क्रममा साँझ ५ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

चितवनको भरतपुर महानगर पालिका-२५, शिवालय चोकमा अचेत अवस्थामा फेला परेका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा गोरखा जिल्लाको मनकामना गाउँपालिका-३ घर भई हाल शिवालय चोक बस्ने ३२ वर्षीय सिमन थापा मगर रहेको प्रहरीले जानकारी दिएको छ।

शुक्रबार मगर खाना खाई सुतेकोमा राति ११ बजेर ३० मिनेटको समयमा अचेत अवस्थामा फेला परेका थिए। मगरलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

रसुवा जिल्लाको गोसाईंकुण्ड गाउँपालिका-६, भिमलीमा बाटोबाट खोलामा खस्दा एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ६६ वर्षीय छेसावाङ्दी तामाङ रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार राति ७ बजेको समयमा तामाङ सोलेबाट बोकेझुण्डा फर्कने क्रममा सोलेस्थित टोले लेन्जुङ खोलामा पासाङल्हामु सडकबाट १५ मिटर तल खसेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

सिन्धुलीको मरिण गाउँपालिका-२, सखौरीमा मोटरसाइकल अनियन्त्रित भई पल्टँदा मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ। गत पुष २९ गते बिहान ८ बजेको समयमा मदनभण्डारी राजमार्गमा हेटौंडाबाट सिन्धुलीतर्फ जाँदै गरेको प्र २-०२-००३ प ९०८३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ।

दुर्घटनामा चालक मरिण गाउँपालिका-२ का ३८ वर्षीय तारा पुलामी मगर, पछाडि सवार ३७ वर्षीय रामबहादुर ठाडा मगर र ४२ वर्षीय चित्रबहादुर माझी घाइते भएका थिए। घाइते तीनै जनाको प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा सामान्य उपचारपश्चात थप उपचारका लागि ट्रमा सेन्टर काठमाडौं लगिएको थियो। उपचारको क्रममा मोटरसाइकलमा सवार रामबहादुर ठाडा मगरको अन्नपूर्ण न्युरो अस्पतालमा शुक्रबार साँझ ६ बजेर ४० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# संस्थागत विद्यालयमा एसईई अभ्यास परीक्षा

समाज संवाददाता

हेटौंडाः संस्थागत विद्यालयमा आज आइतबारबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) अभ्यास परीक्षा सुरु हुने भएको छ। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)को केन्द्रीय परीक्षा तालिकाअनुसार मकवानपुरसहित देशभरका संस्थागत विद्यालयमा परीक्षा हुने भएको हो।

परीक्षामा मकवानपुर जिल्लाका ३८ वटा संस्थागत विद्यालयका एक हजार ३ सय १३ विद्यार्थी सहभागी हुने प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभयो। एसईई मापदण्डअनुसार सञ्चालन गरिने परीक्षामा बागमती प्रदेशमा एउटै प्रश्नपत्र रहेको सुवेदीले जानकारी दिनुभयो।

पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ। मकवानपुरमा ९ वटा परीक्षा केन्द्र तोकिएको उहाँले बताउनुभयो। हेटौंडामा ६ वटा, थाहानगरमा २ वटा र मनहरीमा एउटा परीक्षा केन्द्र तोकिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो।

हेटौंडा-२ स्थित बालजागृति सेकेन्डरी बोर्डिङ स्कूल, हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल बोर्डिङ स्कूल, हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन बोर्डिङ स्कूल, हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमी र हेटौंडा-९ स्थित श्रीकृष्ण आदर्श बोर्डिङ स्कूलमा परीक्षा केन्द्र तोकिएको छ। थाहा नगरपालिकामा ईअन बोर्डिङ स्कूल र पालुङ बहुमुखी क्याम्पसमा परीक्षा केन्द्र तोकिएको छ। यस्तै, मनहरीमा रेड एन्जल स्कूलमा परीक्षा केन्द्र तोकिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो।

राष्ट्रिय परीक्षा बोर्डले आगामी चैत ७ गतेबाट एसईई परीक्षा सुरु गर्ने गरी परीक्षा तालिका सार्वजनिक गरेसँगै एसईई अभ्यास परीक्षा सञ्चालन गर्न लागको उहाँले जानकारी दिनुभयो। परीक्षा आगामी माघ १५ गतेसम्म सञ्चालन हुनेछ। एसईई परीक्षाका लागि विद्यार्थीको तयारी मूल्यांकन गर्न र एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने उद्देश्यले देशभर एसईई अभ्यास परीक्षा सुरु गरिएको उहाँको भनाइ छ।

## जीवन जिउने...

पनि आफूले पाएका अवसर र सहयोगप्रति आभार व्यक्त गर्नुहोस्।

धन्यवाद दिनु र पाउने कुरा होइन, सधैंको आदत हो। यो आदतले तपाईंको जीवनप्रतिको दृष्टिकोण सकारात्मक बनाउँछ।

प्रकृति जीवनको उत्कृष्ट शिक्षक हो। प्रकृतिको नजिक हुँदा हामी सन्तुलन, शान्ति र सच्चा आनन्दको अनुभूति गर्छौं।

नियमित रुपमा प्राकृतिक वातावरणमा समय बिताउनुहोस्। यो यात्राले तपाईंको मानसिक तनाव घटाउन मद्दत गर्छ।

जीवन सधैं तपाईंको इच्छा अनुसार चल्दैन। हरेक उतार-चढावलाई धैर्य र सहनशीलताका साथ स्वीकार्नु नै जीवन जिउने कला हो।

तत्काल परिणामको चाहनाले असन्तोष निम्त्याउँछ, त्यसैले हरेक कामलाई समय दिनुहोस्।

जीवन जिउँदा कहिलेकाहीँ तपाईंलाई आफ्नो मूल्य र सिद्धान्तहरूलाई चुनौती दिने परिस्थितिहरूसँग सामना गर्नुपर्छ।

यस्तो अवस्थामा आफ्नो मूल्य र नैतिकतामा अडिग रहनु नै सही निर्णय हो।

जीवन जिउने कला भनेको केवल अस्तित्वमा रहनु होइन, पूर्ण रुपमा बाँच्नु पनि हो।

आनन्ददायक क्षणहरु सिर्जना गर्नुहोस्, साना सफलताहरूलाई पनि मनाउनुहोस्, र हरेक दिनलाई विशेष बनाउने प्रयास गर्नुहोस्।

जीवनले तपाईंलाई दिएको सफलताको साँचो मापन तपाईंले अरूलाई कति सेवा गर्नुभयो र कति दया देखाउनुभयो भन्नेमा आधारित हुन्छ। अरूको सहायता गर्दा तपाईंको जीवनमा अर्थ र तृप्ति थपिन्छ।

आफूलाई माया गर्नु भनेको स्वार्थी हुनु होइन। यो त आफूले आफ्ना आवश्यकता, भावनाहरु र इच्छाहरूलाई सम्मान गर्नु हो।

आत्म-सम्मान र आत्म-मूल्यको अनुभूति राख्नु जीवनलाई सहज बनाउँछ।

जीवन जिउने कला भनेको सन्तुलन, आत्मज्ञान, र निरन्तर सिकाइको संयोजन हो। यो कुनै निश्चित फर्मुला होइन, तर आ-आफ्नो अनुभव र दृष्टिकोणबाट प्राप्त हुने कला हो।

जीवनलाई अर्थपूर्ण बनाउनका लागि तपाईंले आफूभित्र खुसीको खोजी गर्नुपर्ने हुन्छ। यो यात्रा चुनौतीपूर्ण होला, तर जब तपाईंले जीवनलाई कलात्मक रूपमा जिउन सिक्नुहुन्छ, प्रत्येक दिन विशेष र प्रेरणादायक बन्छ।

# शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा शैक्षिक गुणस्तर सुधारसम्बन्धी एक दिवसीय अन्तरक्रिया भएको छ। शुक्रबार जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको हो।

बागमती गाउँपालिका र बकैया गाउँपालिकाभित्र रहेका माध्यमिक विद्यालयका प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको उपस्थितिमा कार्यक्रम भएको जिल्ला समन्वय समिति मकवानपुरका कर्मचारी भीमप्रसाद शर्माले जानकारी दिनुभयो। कार्यक्रममा शिक्षकको गुणस्तर कसरी सुधार गर्ने, उपलब्धीमूलक बनाउने, सुधारमा के के आवश्यकता पर्छ भन्ने विषयममा छलफल भएको बताइएको छ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरी र प्रगति माध्यमिक विद्यालयका प्राचार्य किशोर पराजुलीले २ वटा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा जिल्ला समन्वय अधिकारी शान्ति विक, बकैया गाउँपालिकाका प्रमुख धर्मराज लामिछाने, बागमती गाउँपालिका प्रमुख सर्केश घलान, बालसञ्जालका सदस्य तथा अभिभावकको उपस्थिति रहेको थियो।

# ग्याँस व्यवसायी संघको अध्यक्षमा तामाङ

समाज संवाददाता

हेटौंडाः मकवानपुर ग्याँस व्यवसायी संघको अध्यक्षमा चतुरबहादुर तामाङ (नवीन) चयन हुनुभएको छ। शनिबार हेटौंडामा भएको संघको १२ औं वार्षिक साधारणसभा तथा विशेष अधिवेशनबाट तामाङ सर्वसम्मत अध्यक्ष पदमा चयन हुनुभएको हो।

मकवानपुर ग्याँस व्यवसायी संघका अध्यक्ष केशव मुडवरीको सवारी दुर्घटनामा परेर निधन भएपछि अध्यक्ष पदक रिक्त रहेको थियो। संघको उपाध्यक्षमा मदनकुमार न्यौपाने, सचिवमा सुदर्शन पौडेल र कोषाध्यक्षमा कृष्णबहादुर ढुंगाना चयन हुनुभएको छ। यस्तै, सदस्यमा अच्यूत मुडवरी चयन हुनुभएको छ। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल २ वर्षसम्म रहनेछ।

कार्यक्रममा विसं २०५८ सालदेखि ग्याँस व्यवसाय गर्दै आउनुभएको संघका सदस्य राजेश अग्रवाललाई सम्मान गरिएको छ। गत वर्षको साउन महिनादेखि यस वर्षको असार मसान्तसम्म १ लाख ९८ हजार ३५ रुपैयाँ आय र १ लाख ८६ हजार ८२ रुपैयाँ व्यय विवरणको प्रतिवेदन पेश गरिएको छ। गत वर्ष ५ लाख ६६ हजार ३५ रुपैयाँको सम्पत्ति रहेको संघमा यस वर्ष ७ लाख ११ हजार ३ सय ३ रुपैयाँको सम्पत्ति रहेको बताइएको छ। बैंक तथा नगद मौज्दात ७० हजार ७ सय ३० रुपैयाँ र उठ्न बाँकी रकम ४ हजार रुपैयाँ रहेको बताइएको छ।

संघका नवनिर्वाचित अध्यक्ष लामाको सभाध्यक्ष तथा ग्याँस बिक्रेता महासंघका वरिष्ठ उपाध्यक्ष विष्णुप्रसाद दुलालको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको हो। कार्यक्रममा ग्याँस बिक्रता महासंघका केन्द्रीय उपाध्यक्ष विमला श्रेष्ठ, मकवानपुर ग्याँस व्यवसायी संघका निवर्तमान अध्यक्ष दिलिश गोविन्द जोशीलगायतको उपस्थिति रहेको थियो।

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

## मानिस कसरी चिनिन्छ ?



सदीक्षा थापा

मानिस सिङ्गारिएको अनुहारले होइन,
ऊ भित्रको असल व्यवाहारले चिनिन्छ।

मानिस छलकपट कुकर्मले होइन,
ऊ भित्रको इमान्दारिताले चिनिन्छ।

मानिस आफूमा भएका तागत र शक्तिले होइन,
ऊ भित्रको बौद्धिकताले चिनिन्छ।

मानिस ईर्ष्या र घमण्डीपनले होइन,
ऊ भित्रको सकारात्मक सोचले चिनिन्छ।

मानिस उसले लगाएको गरगहनाले होइन,
ऊ भित्रको निस्वार्थ प्रेमले चिनिन्छ।

मानिस धन पैसाले होइन,
ऊ भित्रको सहयोगी भावले चिनिन्छ।

हे जगतका सारा मानव हो
कतै हजुरले मानिस चिन्न गल्ती गर्नुभयो भने
हरेक मानवको जीवन अर्थहीन बन्न पुग्छ।

*कक्षा-६*





*कमाने एकेडेमीमा अध्ययनरत कक्षा-२ का विद्यार्थी थुक्पा बनाउने अभ्यास गर्दै।*

## मेरो जन्मदाता

खुसी सापकोटा

जन्म दिने आमा, कर्म गर्ने बुबा
सधैंभरी साथ दिन्छु गर्नेछु हजुरको सेवा
पढाई लेखाई पूरा गरी स्वदेशमै बस्छु
देश र परिवारको नाम राख्न कम्मर नै कस्छु।

काम गर्दै अघि बढ्छु देशकै लागि लड्छु
यही देशमा सेवा गर्ने वाचा बन्धन गर्छु
मेरो पनि कर्तव्य छ है आफ्नो देशप्रति
काम गरेर अघि बढौं नबनी है अल्छी।

जोस, जागर हिम्मतले भए भरिपूर्ण
सारा जगत हाँसे हाँसुन मान्दिन नि दिक्क
धर्तीमै छ सबै चिज सबले चिन्ने गर
आमाबुबा देशलाई सबले सम्मान गर।

*कक्षा-६*

## मेरो योजना

स्वेच्छा अधिकारी

पढाई लेखाई पूरा गरी नेपालमै बस्छु।
इतिहासमा नाम लेख्न सधै कम्मर कस्छु।
'नेपाल' नामको फूलबारीमा माली बनी हिँड्छु।
काम गर्दै यही देशमा सधैं अघि बढ्छु।

नेपालीको सेवा गर्ने वाचा बन्धन गर्छु।
यही देशमा जन्मेँ साथी यही देशमा मर्छु।
मलमपट्टी लगाउँछु नेपालीको घाउमा
सेवा गर्छु 'नेपाल आमा' ढोग्छु तिम्रो पाउ

*कला-७*

# मकवानपुरगढीको राष्ट्रपति रनिङ्ग शिल्ड शारदा माविलाई



समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा भएको गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। बिहीबारबाट गाउँपालिकाको वडा नम्बर -२ स्थित कुर्लेदमार रंगशालामा सुरु भएको पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता शुक्रबार सम्पन्न भएको हो।

२ दिनसम्म सञ्चालन भएर सम्पन्न भएको पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि वडा नम्बर-५ स्थित शारदा माध्यमिक विद्यालयले जितेको छ। शुक्रबार सम्पन्न भएको प्रतियोगितामा साविक विजेतासमेत रहेको शारदा माविले ८ वटा स्वर्ण, ९ वटा काँस्य र ४ वटा रजत पदक हात पार्दै उपाधि जितेको हो।

प्रतियोगिताको उपविजेता रानीशेरा माध्यमिक विद्यालय बनेको छ। रानीशेरा माविले ६ वटा स्वर्ण, ४ वटा रजत र ३ वटा काँस्य पदक प्राप्त गरेको हो। तृतीय स्थानमा परेको भानु माध्यमिक विद्यालयले ५ वटा स्वर्ण, ७ वटा रजत र ४ वटा काँस्य पदक प्राप्त गरेको छ। भानु मावि गत वर्षको प्रतियोगिताको उपविजेता हो।

प्रतियोगितामा मकवानपुरगढी गाउँपालिका-१ को रानीशेरा माध्यमिक विद्यालय, वडा नम्बर २ को चण्डिका माध्यमिक विद्यालय र वंशगोपाल माध्यमिक विद्यालय, वडा-३ को भानु माध्यमिक विद्यालय, वडा-४ स्थित मनकामना माध्यमिक विद्यालय, वडा नम्बर ५ स्थित शारदा माध्यमिक विद्यालय, वडा-६ को जालपादेवी माध्यमिक विद्यालय, जनक माध्यमिक विद्यालय र जनता माध्यमिक विद्यालय एवम् वडा नम्बर ८ स्थित रुपनारायण माध्यमिक विद्यालयका करिब ३ सय जना विद्यार्थी सहभागी भएका थिए। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छात्र/छात्रा भलिबल, एथ्लेटिक्स, हाइजम्प, लङ्गजम्प, ज्याभलिङ थ्रोलगायतका खेलहरु सञ्चालन भएको खेलकुद विकास समिति मकवानपुरगढीका अध्यक्ष हीराबहादुर स्याङ्तानले बताउनुभयो।

पालिका खेलकुद विकास समितिका अध्यक्ष स्याङ्तानको सभाध्यक्ष तथा गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिन नेपालीको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन समारोह भएको हो। समापन समारोहमा गाउँपलिकाका वडाध्यक्षहरु, विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको आतिथ्य रहेको थियो।

प्रतियोगितामा कक्षा-६ देखि १२ सम्मका विद्यार्थीले सहभागिता जनाएको उहाँले बताउनुभयो। प्रतियोगिताका प्रत्येक खेलमा प्रथम र द्वितीय हुने खेलाडी तथा टिमलाई जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउने उहाँले जानकारी दिनुभयो। प्रत्येक खेलमा छुट्टा-छुट्टै प्रशिक्षकको व्यवस्था मिलाएर २ दिन प्रशिक्षण दिएर प्रतियोगितामा सहभागी गराइने उहाँले बताउनुभयो।

प्रतियोगिता आयोजना गर्नका लागि पालिकाले ३ लाख ५० हजार रुपैयाँ बजेट छुट्याएको उहाँले बताउनुभयो। गत वर्षको तुलनामा यस वर्ष प्रतियोगितामा सहभागी खेलाडीको संख्यामा कम रहेको उहाँको भनाइ छ। यस वर्ष कक्षा १० का विद्यार्थीले एसईई तयारी कक्षा र कक्षा ८ का विद्यार्थीले आधारभूत तह उत्तीर्ण परीक्षाको तयारी गरिरहेको र बजेटको अभाव भएका कारण खेलाडीको संख्या घटेको हुनसक्ने उहाँले बताउनुभयो।

गत वर्ष पालिकाको ३ लाख ५० हजार रुपैयाँ र संघीय बजेट १ लाख विनियोजन भएकोमा यस वर्ष संघीय बजेट कटौती गरिएको उहाँले बताउनुभयो। प्रतियोगिताका प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई क्रमशः स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्रदान गरिएको छ भने सम्पूर्ण खेलहरुबाट बढी पदक जितेर उपाधि विजेता र उपविजेता बनेका विद्यालयलाई ट्रफी प्रदान गरिएको छ। पालिकास्तरीय प्रतियोगिता सहभागी भएका खेलाडीहरु जिल्ला, प्रदेश हुँदै केन्द्रीयस्तरको रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन पाउनेछन्।

यस वर्ष इन्द्रसरोवर गाउँपालिकामा सम्पन्न भएको प्रतियोगिताको उपाधि महाचुनी माध्यमिक विद्यालयले, थाहा नगरपालिकामा भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि जनकल्याण माध्यमिक विद्यालयले र मनहरी गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि मनहरी-६, सुनाचुरीस्थित राष्ट्रिय माध्यमिक विद्यालयले हात पारेको छ। मकवानपुरको अन्य पालिकाहरुले पनि राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता अयोजना गर्नका लागि तयारी अगाडि बढाइरहेको छ।

# नेपालको दुबै टोली खो खो विश्वकप फाइनलमा

समाज संवाददाता

काठमाडौंः भारतमा जारी खो खो विश्वकपमा नेपालको महिला र पुरुष टोली फाइनलमा पुगेको छ। शनिबार भएको सेमिफाइनल खेलमा जित निकाल्दै नेपालको दुबै टोली फाइनलमा पुगेका हुन्।

नेपाली महिला राष्ट्रिय खो खो टोलीले सेमिफाइनलमा युगान्डालाई पराजित गर्दै ऐतिहासिक फाइनल यात्रा तय गरेको छ। नेपालले युगान्डालाई ८९-१८ ले हरायो। नेपालले अब दक्षिण अफ्रिका र भारतबीच हुने दोस्रो सेमिफाइनल विजेतासँग उपाधिका लागि खेल्नेछ।

नेपालको टोली कुनै पनि खेलको विश्वकपमा फाइनलमा पुगेको यो पहिलो पटक हो। नेपालको लागि कुनै पनि खेलको विश्वकप पुग्नु नै ठूलो विषय बनेको छ। खो खो विश्वकप खेलेर उत्कृष्ट प्रदर्शन गर्दै नेपाली महिला र पुरुष दुबै टोली फाइनल पुग्नु नेपाली खेलकुदकै ऐतिहासिक क्षण बनेको छ।

नेपालको पुरुष टोलीले पनि सेमिफाइनलमा इरानलाई पराजित गर्दै ऐतिहासिक फाइनल यात्रा तय गरेको छ। नेपालले इरानलाई ७२-२० अंकको अन्तरले हरायो। नेपालले अब दक्षिण अफ्रिका र भारतबीच हुने दोस्रो सेमिफाइनलको विजेतासँग उपाधिका लागि खेल्नेछ।

क्वाटरफाइनलमा महिला टोलीले इरानलाई १०३-८ अंक तथा पुरुष टोलीले बंगलादेशलाई ६७-१८ अंकको अन्तरले हराउँदै सेमिफाइनलमा पुगेको थियो।

# वडास्तरीय भेट्रान्स फुटबलको उपाधि हेटौंडा-५ लाई



भेट्रान्स फुटबलो उपाधि विजेता ५ नम्बरको टिम

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको वडास्तरीय ८ 'ए' साइड भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि हेटौंडा-५ ले जितेको छ। हेटौंडा-९ स्थित लामसुरे खेलकुद विकास समितिको आयोजना तथा ९ नम्बर वडा कार्यालयको सहयोगमा शनिबार सम्पन्न भएको प्रतियोगिताको उपाधि हेटौंडा-५ ले जितेको हो।

हेटौंडा-१७ लाई हेटौंडा-५ ले ३-० गोल अन्तरले पराजित गरेको छ। हेटौंडा-५ को जीतमा सुविन घिमिरेले १ गोल गरेका थिए। उत्तरकुमार दुलालले हेटौंडा-१७ बिरुद्ध २ गोल प्रहार गर्दै टिमलाई जित दिलाएका हुन्। खेलको म्यान अफ द म्याच २ गोलकर्ता दुलाल घोषित हुँदै ट्रफी प्राप्त गरेका छन्।

प्रतियोगिताको उपाधि जितेसँगै हेटौंडा-५ को टिमले १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता हेटौंडा-१७ को टिमले ६५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्‍यो।

लामसुरे खेलकुद विकास समितिका संयोजक विष्णु राना मगरको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको थियो। समारोहमा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बनियाँ, ९ नम्बर वडाका वडाध्यक्ष सुकराम केसी, विजेता हेटौंडा-५ का वडाध्यक्ष सुशील घिमिरे, हेटौंडा- ८ का वडाध्यक्ष राम थापा, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य वीरेन्द्रकुमार लामालगायतको उपस्थिति रहेको थियो।

गत वर्ष भएको दोस्रो संस्करणको प्रतियोगिताको उपाधि हेटौंडा-४ ले जितेको थियो भने हेटौंडा-९ उपविजेता बनेको थियो। प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै हेटौंडा-५ का खेलाडी सुविन घिमिरेले १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन्। प्रतियोगिताको उत्कृष्ट गोलरक्षक राजेश तामाङ, उत्कृष्ट प्रशिक्षक सुदिश अर्याल र सर्वाधिक गोलकर्ता श्याम पौडेल घोषित हुँदै ५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन्।

प्रतियोगिताको सेमिफाइनल चरणको खेलमा हेटौंडा-९लाई हराउँदै हेटौंडा-५ ले फाइनलको यात्रा पूरा गरेको थियो भने हेटौंडा-७ लाई हराउँदै हेटौंडा-१७ ले फाइनलको यात्रा पूरा गरेको थियो। प्रतियोगितामा तेस्रो स्थानमा परेको हेटौंडा-९ र हेटौंडा-७ ले १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन्।

# शिक्षक संगठनको ४ पालिकामा नयाँ कार्यसमिति

समाज संवाददाता

"सम्पूर्ण श्रमजीवीहरु एक हाऔं।"
"गौरवशाली विगत, चुनौतीपूर्ण वर्तमान लगानी वृद्धि गरी सार्वजनिक शिक्षाको उन्नयन राष्ट्रिय शिक्षा ऐन र सबै तहमा सशक्त सङ्गठन।"
नेपाल राष्ट्रिय शिक्षक सङ्गठन

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठनको विभिन्न पालिका अधिवेशनबाट नयाँ नेतृत्व चयन गरेको छ। मकवानपुरगढी, बागमती, कैलाश र इन्द्रसरोवर गाउँपालिकाको शनिबार भएको तेस्रो अधिवेशनबाट सर्वसम्मत नयाँ कार्यसमिति चयन गरिएको हो।

नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरगढी गाउँपालिकाको अध्यक्षमा राजुप्रसाद गौतम सर्वसम्मत चयन हुनुभएको छ। तेस्रो अधिवेशनले गौतमको नेतृत्वमा १८ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको संगठन प्रचार विभागका डीबी बर्तौलाले जानकारी दिनुभयो।

संगठनको उपाध्यक्षमा सुमिता घिमिरे र रामचन्द्र न्यौपाने चयन हुनुभएको छ। सचिवमा जयराम न्यौपाने, सहसचिवमा शारदा दुलाल, कोषाध्यक्षमा विष्णुमाया नगरकोटी र सहकोषाध्यक्षमा शान्तिमाया स्याङ्बो निर्वाचित हुनुभएको बर्तौलाले बताउनुभयो।

यस्तै, सदस्यहरुमा हीरामाया स्याङ्तान, नवीन भुजेल, शकुन्तला गिरी, साधुराम पुडासैनी, रजनी दुलाल, सानु तितुङ, कविता दाहाल, ममता अधिकारी, शुभद्रा भट्ट, भुवन थिङ र राकेशकुमार दुवे सर्वसम्मत चयन हुनुभएको छ। अधिवेशनले संगठनको वडास्तरीय नेतृत्व पनि चयन गरेको छ।

नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरगढी गाउँपालिका-१ नम्बर वडाको अध्यक्षमा आइपी दाहाल, २ मा मिथिलेशकुमार कुसवाह र ३ मा मनमोहन देवकोटालाई चयन गरिएको छ। पालिकाको ४ नम्बर वडामा कल्पनाकुमारी गौतम, ५ मा मनिषा तिमल्सिना र ६ मा इन्द्रजित देवकोटा चयन हुनुभएको छ। यस्तै, वडा नम्बर ७ मा दूधराज न्यासुर र ८ मा पुन्डरी शर्मा चयन हुनुभएको छ।

संगठनको इन्द्रसरोवर गाउँपालिका अध्यक्षमा गोपु विशङ्खु सर्वसम्मत चयन हुनुभएको छ। तेस्रो अधिवेशनले विशङ्खुको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो।

इन्द्रसरोवर गाउँपालिका कमिटी उपाध्यक्षमा सरस्वती थापा मगर र भीमबहादुर स्याङ्तान चयन हुनुभएको छ। सचिवमा धर्मराज बल, सहसचिवमा विरोसमाया थिङ, कोषाध्यक्षमा सुदिप थापा मगर र सहकोषाध्यक्षमा अस्मिता चौलागाईं चयन हुनुभएको छ।

संगठनको इन्द्रसरोवर गाउँपाालिकाका कार्यवाहक अध्यक्ष संरचना शर्माको अध्यक्षता तथा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यमा अधिवेशन भएको थियो। अध्यक्ष पुडासैनीले शिक्षकले सामाजिक चेतनाको विस्तारमा ठूलो योगदान दिएको स्मरण गराउनुहुँदै परिवर्तनका निम्ति शिक्षकले नै भूमिका खेलेको बताउनुभयो।

नेपाल राष्ट्रिय शिक्षक संगठन राक्सिराङ गाउँपालिकाको अध्यक्षमा पुनः दीपक गुरुङ सर्वसम्मत चयन हुनुभएको प्रचार विभाग प्रमुख सुनिल गौतमले जानकारी दिनुभयो। उपाध्यक्षमा गीता थापा मगर र वीरबहादुर थिङ चयन हुनुभएको छ। सचिवमा रामलाल थिङ र सहसचिवमा अमृता दाहाल चयन हुनुभएको हो। यस्तै, कोषाध्यक्षमा राममाया मुक्तान र सहकोषाध्यक्षमा गोकुल थिङ सर्वसम्मत चयन हुनुभएको छ।

यसैगरी, नेपाल राष्ट्रिय शिक्षक संगठन बागमती गाउँपालिकाको अध्यक्षमा पुनः देवराज राना सर्वसम्मत चयन हुनुभएको छ। उपाध्यक्षमा प्रमिला राई र दिल भोलन सर्वसम्मत चयन हुनुभएको हो। यस्तै, सचिवमा टेकबहादुर मगर, सहसचिवमा सीता लामा, कोषाध्यक्षमा बालकुमार तिमल्सिना र सहकोषाध्यक्षमा सानुमाया राई चयन हुनुभएको गौतमले बताउनुभयो।

नेपाल राष्ट्रिय शिक्षक संगठनको जिल्ला अधिवेशन आगामी माघ ११ र १२ गते हुने भएको छ। संगठनले जिल्लाको १० वटै पालिकाको अधिवेशन सम्पन्न गरेको छ।

# इन्द्रसरोवरमा वडाध्यक्ष कप फुटबल हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा वडा अध्यक्ष कप भेट्रान्स फुटबल प्रतियोगिता हुने भएको छ। माघ १६ बुधबारदेखि सहिद दिवसको अवसरमा वडाध्यक्ष कप भेट्रान्स फुटबल प्रतियोगिता हुने भएको हो।

कार्यक्रम खेलकुद समितिको आयोजना तथा गाउँपालिकाको २ नम्बर वडा कार्यालयको प्रायोजनमा हुनेछ। मञ्जुश्री सम्वत् २८६१ (डुल) सर्पवर्ग ल्हो सोनाम ल्होछारको अवसरमा वडाध्यक्ष कप फुटबलसहित महिला/पुरुष भलिबल, महिलाको डोरी तान्ने प्रतियोगिता आयोजना गर्न लागेको जनाइएको छ।

भेट्रान्स फुटबलको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। भलिबलको उपाधि विजेता टिमले २० हजार रुपैयाँ र उपविजेता टिमले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। डोरी तान्ने खेलमा प्रथम र द्वितीय हुनेले क्रमश २० हजार र १० हजार रुपैयाँ प्राप्त गर्नेछन्।


- पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं।
- जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं।
- ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं।


समृद्धि प्रकाशन प्रा.लि. हेटौंडा, मकवानपुर



## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
मोबाइल नम्बर ९८४५०७३४९८, ९८०४२०४२६६
स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर



## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निःशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



सामुदायिक रेडियो, रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ